नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं. २२२

मिति २०८१/९/१४

नेपाल संवत ११४५

श्री शहरी विकास मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै ।

श्री स्थानीय तह (सबै) ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबै ।

बिषयः आवश्यक कार्यवाही सम्वन्धमा ।

प्रस्तुत विषयमा साबिक जिल्ला बिकास समितिमा स्थायी नियुक्ति लिई समायोजन ऐन, २०७५ अनुसार स्थानीय तहमा समायोजन भई अवकाश हुने वा भएका कर्मचारीहरु तथा सोही ऐनको दफा ६ बमोजिम अन्य सेवाबाट विभिन्न स्थानीय तहमा समायोजन भई अवकाश भएका कर्मचारीहरुको अवकाश पछिको सेवा/सुबिधा सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८१/९/९ गते भएको निर्णय आवश्यक कारवाहीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१/०९/१४

(हरि प्रसाद पौडेल)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ ।

श्री सूचना प्रविधि शाखा, जि.स.स.(सबै), तथा स्थानीय तह (सबै) को website मा Upload गरिदिनु हुन ।

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

साबिक जिल्ला विकास समितिको कार्यालयमा नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नं. १९/४८-०८१/९/९ को प्रस्ताव म.प.बै.सं. ४८/०८१ मिति २०८१/९/९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम [illegible] बमोजिम अनुरोध गरेको छ–

<u>नेपाल सरकारको निर्णय</u>–

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(एकनारायण अर्याल)
मुख्यसचिव
२०८१/९/९
नेपाल संवत् ११४५

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विषयः साबिक जिल्ला विकास समितिको कार्यालयमा नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८१/९/१

१. विषयको सङ्क्षिप्त व्यहोराः

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम साविकको जिल्ला विकास समितिमा स्थायी नियुक्ति लिई अवकाश भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम साविकको जिल्ला विकास समितिमा रहेको कर्मचारी कल्याण कोषबाट व्यहोर्ने प्रावधान रहेको थियो। उक्त कोष हालको जिल्ला समन्वय समितिमा रहेको छ। विभिन्न समयमा भएको तलब वृद्धि तथा राज्यको पुनर्संरचना पश्चात जिल्ला समन्वय समितिको परिवर्तित भूमिकाको कारण केही जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषमा पर्याप्त रकम नभई सेवा निवृत्त भईसकेका कर्मचारीहरूमध्ये २०७७ असार मसान्तभित्र अवकास भएका कर्मचारीको उपदान, सञ्चित विदा र औषधि उपचारको रकम नेपाल सरकारबाट भुक्तानी गर्ने भनी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९/१/१३ मा निर्णय भई सोहिबमोजिम भुक्तानी भइरहेकोमा मिति २०८० पुष महिनापछि भुक्तानी हुन सकेको छैन। साबिक जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीहरू कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम विभिन्न गाउँपालिका र नगरपालिकामा समायोजन भएका छन्। यसरी समायोजन भएका कर्मचारीहरू नियमानुसार सेवा निवृत्त हुँदा भुक्तानी गर्नुपर्ने रकम सरकारको अनिवार्य दायित्वको विषय भएकोले नेपाल सरकारले भुक्तानी दिनु पर्ने हुन्छ। साबिकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जिल्ला समन्वय समितिको कार्यालयमा रहेको कर्मचारी कल्याण कोषबाट रकम नपुग भएको वा कोषमा रकम मौज्दात नरहेको अवस्थामा साबिकको जिल्ला विकास समितिको कुनै पनि कोष वा अन्य विविध खातामा रकम मौज्दात भए सोबाट भुक्तानीको व्यवस्था गर्ने र कुनै कोष वा खातामा रकम नभएमा वा अपुग भएमा अर्को कानूनी व्यवस्था नभएसम्मका लागि नेपाल सरकारले उपलब्ध गराउने सम्बन्धमा नीतिगत निर्णय गर्न यो प्रस्ताव तयार गरिएको छ।

२. प्राप्त परामर्श तथा अन्य प्राशङ्गिक कुराः

साबिक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कार्यरत कर्मचारीहरू सङ्घीयता कार्यन्वयन पश्चात समायोजन ऐन, २०७५ अनुसार विभिन्न गाउँपालिका र नगरपालिकामा समायोजन भई कार्यरत रहेका छन्। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा २ मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी कानून नबनेसम्मको लागि यस ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी व्यवस्थाहरू समायोजन हुनु पूर्वको सेवा, शर्त र सुविधाबमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । सो ऐनबमोजिम हालसम्म कुनै कानूनी व्यवस्था भैसकेको छैन। यस सन्दर्भमा यस्ता कर्मचारीको सेवा निवृत्त सुविधाको लागि अर्थ मन्त्रालयको मिति २०८१/८/२६ को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने सम्बन्धमा रायसहितको सहमति प्राप्त भएको छ । साथै नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/१/१३ को बैठकबाट प्रत्येक आर्थिक वर्षमा सेवा निवृत्त हुने कर्मचारीको अनुमानित सङ्ख्या र

भरतमणि
सचिव